बागमती प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपाल

प.सं.-०८०/०८१ मिति.-२०८०/०४/२४

च.नं. ९८

विषय- वार्षिक समिक्षा कार्यक्रम २०७९/८० मा उठेका विषयहरुको सन्दर्भमा भएका निष्कर्ष, सुझाव तथा निर्देशन कार्यान्वयन सम्वन्धमा ।

श्री यातायात पूर्वाधार निर्देशनालय, हेटौंडा, मकवानपुर;
श्री राजधानी पूर्वाधार विकास विशेष आयोजना, हेटौंडा, मकवानपुर;
श्री प्रादेशिक सडक डिभिजन कार्यालयहरु, सवै;
श्री पूर्वाधार विकास कार्यालयहरु, सवै;
श्री शहरी विकास तथा भवन कार्यालयहरु, सवै;
वागमती प्रदेश।

उपरोक्त विषयमा मिति २०८०/०४/१० र ११ गते स्मारक होटल, हेटौंडा, मकवानपुरमा माननीय मुख्यमन्त्री श्री शालिकराम जम्कट्टेलज्यूको प्रमुख आतिथ्यता तथा माननीय मन्त्री श्री युवराज दुलालज्यूको अध्यक्षतामा भएको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति समिक्षा कार्यक्रममा उठेका विषयहरुको सन्दर्भमा भएका निष्कर्ष, सुझाव तथा निर्देशनहरु यसैसाथ सँलग्न राखी आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध छ।

२०८०/०४/२४

.........................................
(नवीन कुमार सिंह)

वोधार्थ

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, हेटौंडा, मकवानपुर।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडा, मकवानपुर।
श्री प्रदेश नीति तथा योजना आयोग, हेटौंडा, मकवानपुर।

माननीय मुख्यमन्त्री श्री शालिकराम जम्कट्टेलज्यूको प्रमुख आतिथ्यता तथा माननीय मन्त्री श्री युवराज दुलालज्यूको अध्यक्षतामा भएको आर्थिक वर्ष २०७९/८० को वार्षिक समिक्षा कार्यक्रममा उठेका विषयहरुको सन्दर्भमा भएका निष्कर्ष तथा सुझावहरु कार्यान्वयन निर्देशन-

माननीय मुख्यमन्त्री श्री शालिकराम जम्कट्टेलज्यू, माननीय मन्त्री श्री युवराज दुलालज्यू, श्रीमान् सचिवज्यूहरु तथा निर्देशकज्यू एवं मन्त्रालयवाट भएको निर्देशनः

- ❖ विकास अवधारणा पुनरावलोकन सहित दिगो कार्यक्रम तर्जुमा गरी आम जनमानसले देख्ने किसिमको पहिचानयुक्त कार्य गर्न आवश्यक रहेको।
- ❖ प्रदेश सरकारको आवधिक योजना कार्यान्वयन योग्य बनाउने तथा प्रादेशिक सडक गुरुयोजना तयार गरी कार्यान्वयन गरिने।
- ❖ मातातिर्थ चखेल, भैंसे भिमफेदी, सिस्नेरी दक्षिणकाली छैमले आदि राजधानी जोड्ने सडक लगायत महत्वपूर्ण पूर्वाधार आयोजनाहरु शीघ्र सम्पन्न गर्ने तथा यस सम्वन्धमा निर्देशनालयले आवश्यक पहल तथा समन्वय गर्ने।
- ❖ बहुवर्षीय ठेक्का व्यवस्थापनवाट कार्य गर्न स्वीकृत बहुवर्षीय आयोजनाहरु समयमा सम्पन्न नहुँदा आगामी आर्थिक वर्षमा दायित्व सर्दै गई आर्थिक भार बढ्ने तथा रुग्ण हुँदै गई समयमा प्रतिफल प्राप्त नहुने समस्या रहेकोले यथासक्य छिटो सम्पन्न गर्ने।
- ❖ विभिन्न आयोजनाको निर्माण कार्यको गुणस्तरमा समस्या रहेकोले सवै कार्यालयहरुले आ-आफ्नो मातहतका आयोजनाहरुको कामको गुणस्तर कायम गर्न विषेश ध्यान पुर्‍याउने।
- ❖ सवै कार्यालयहरुले कार्यतालिका बनाई आयोजना कार्यान्वयन गर्ने व्यवस्था गर्ने तथा तोकिएको समय सीमाभित्र कार्यसम्पादन गर्ने। साथै तोकिएको समयमा आयोजना कार्यान्वयन हुन नसकेको सन्दर्भमा कारण सहित मासिक रुपमा प्रतिवेदन गर्ने।
- ❖ पूर्वाधार विकास कार्यालय, नुवाकोटले सडकपुल डिजाइनका कारण कार्यान्वयन हुन नसकेको चन्द्रमती खोला पुल, दुप्चेश्वर-६ को डिजाइनलाइ अन्तिम रुप दिघ कार्यान्वयन गर्न शीघ्र पहल गर्ने। पूर्वाधार विकास कार्यालय, ललितपुरले काठमाण्डौं महानगरपालिका वडा नं .३१ को बागमती खोला पुल निर्माण नगर्ने साथै ग्रान्डी अस्पताल अवस्थित पुल निर्माण गर्न यथासक्य छिटो सर्वदलीय बैठक गरी कार्यान्वयन गर्ने।
- ❖ प्रदेश भित्रका सवै जिल्लामा सेवा प्रदान गर्ने संयन्त्र बनाउनेतर्फ अवधारणा तय गर्न आवश्यक रहेकोले आवश्यक सुझाव प्रस्ताव गर्ने।
- ❖ करार सेवामा रहेका कर्मचारीहरु भन्दा स्थायी कर्मचारी कम सक्रीय हुनुको कारण र जवाफदेहिता वारे सम्वन्धित कार्यालय प्रमुख सजग र सचेत हुनुपर्ने।
- ❖ कार्यसम्पादनका क्रममा कार्यालय अन्तर्गत लेखा र अन्य शाखा तथा कार्यालय प्रमुखका साथै अन्तरनिकायविच हुने गरेको असमन्वय तथा असमझदारी अन्त गर्न कार्यालय प्रमुख तथा लेखा प्रमुख जिम्मेवार हुने।
- ❖ आयोजना कार्यान्वयन तथा पूर्वाधार निर्माणको सन्दर्भमा पहिरोजन्य जोखिम बढ्दै गएकोले पहिरो तथा पहिरोजन्य दुर्घटनावाट वच्न अपनाउनु पर्ने सावधानी तथा नियन्त्रणका उपायहरु लागत अनुमान तयारी सहित खरिद प्रक्रियाका प्रावधानमा समेटिन आवश्यक रहेकोले अनिवार्य आवश्यक व्यवस्था गर्ने।
- ❖ योजना छनौट तथ्यपरक र व्यवस्थित गर्न जरुरी रहेकोले स्थलगत पहिचान, उपभोक्ताको माग तथा सरोकारवालाको सहभागितमा योजना तर्जुमा गर्न प्रेरित गर्ने।
- ❖ आयोजना कार्यान्वयन तथा सम्पन्न गर्न सँस्थागत भूमिका सहित व्यक्तिगत प्रयास र क्रियाशिलताको महत्वपूर्ण भूमिका हुने भएकोले समन्वयात्मक कार्यमा सक्रियतापूर्वक कार्यसम्पादन शैली, प्रवृत्ति तथा पद्धति परिष्कृत गर्न जिम्मेवार हुने।
- ❖ बहुवर्षीय हुन सक्ने आयोजनाको विवरण/निर्णय समयमा उपलब्ध गराउने। साथै, आ.व.२०८०/८१ का लागि स्वीकृत सवै आयोजनाहरु कार्यान्वयन योग्य छन्/छैनन् यकिन गरी कार्यन्वयन नहुने आयोजनाहरुको विवरण कारण सहित उपलब्ध गराउने।
- ❖ ठेक्का सम्झौताको म्याद अवधि तथ्यपरक बनाउन मापदण्ड अवलम्बन गर्ने।
- ❖ आर्थिक वर्षको अन्तिम समय भएको कारण दायित्व बाँकी राख्ने प्रवृत्तिको अन्त्य गर्न तथा बढ्दो वेरुजुलाई न्यूनीकरण गर्न कार्यालयको वार्षिक प्रगति, कार्यसम्पादन तथा कार्यक्षमतालाई समग्रमा मुल्याङ्कन गर्ने पद्धति कायम गरिने।
- ❖ सडक हेरालुले लगाउने ज्याकेटमा बागमती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय लेख्ने र सवै कार्यालयले एकरुपता कायम गर्ने।
- ❖ मन्त्रालय अन्तर्गतका निकायहरुको पायक पर्ने स्थानमा आफ्नै निर्माण गुणस्तर सम्वन्धी प्रयोगशाला निर्माण गर्न प्रस्ताव गर्ने।

- ❖ मन्त्रालयमार्फत निर्माण भएका पूर्वाधार संरचनाहरूको दीगोपना कायम गर्न तथा नियमित कार्य सँचालन योग्य बनाई राख्न प्रत्यक कार्यालयमा मर्मत सम्भार एकाई गठन गर्न पहल गरिने तथा सोसँग प्रतिवद्ध जनशक्ति व्यवस्थापन गरिने।
- ❖ सामुदायिक भवन प्रकृतिको पूर्वाधार स्थानीय तहमार्फत कार्यानव्यन हुँदा प्रभावकारी हुने भएकाले आगामी दिन विचार गरिने।
- ❖ कार्यविधि नबन्दासम्म उपभोक्ता समितिमार्फत काम गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिपत्र सहित प्रचलित कानून अनुसार गर्नुपर्ने ।
- ❖ सबै कार्यालय तथा कर्मचारीहरु तथ्याङ्क सँकलन, भण्डारण तथा प्रस्तुतिकरण सहित सुचना व्यवस्थापन/सम्प्रेषण कार्य गर्दा उन्नत र प्रविधि मैत्री हुन क्रियाशिल हुनुपर्ने। आफुले गरेका कार्यहरुको उपलब्धी तथा अवस्था बारे जनमानसलाई सुसूचित गराउन सामाजिक सँजाल तथा समाचार/सूचना सम्प्रेषण माध्यम अध्यावधिक गर्ने गराउने। मन्त्रालयबाट सृजित यसैसाथ सँलग्न राखी पठाईएको सम्वद्ध वेभसाइट सँचालनमा ल्याउने।
- ❖ सँस्थागत अनुशासन तथा व्यक्तिगत आचरणमा सुधार गर्ने कार्यालय पोशाक र परिचयपत्र अनिवार्य लगाउने व्यवस्था गर्ने साथै विद्युतीय हाजिरीलाई प्रभावकारी कार्यान्वयन गर्ने।

<u>मातहत कार्यालयहरुबाट प्राप्त सुझाव</u>

- ❖ सडकपुल तथा झोलुङ्गे पुलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा प्राविधिक सहयोग दिने सडकपुल सहयोग कार्यक्रम (LRBP) र प्रादेशिक प्राविधिक सहायता प्रदायक (PTAP) ले ढिलाई गर्ने गरेकाले आफ्नै जनशक्ति व्यवस्थापन आवश्यक रहेको।
- ❖ स्वीकृत कार्यक्रम अन्तर्गतका आयोजनाहरुको ठेगाना यकिन नहुँदा विवाद हुने तथा कार्यान्वयनमा कठिनाइ हुने भएकोले समयमा नै ठेगान यकिन हुनुपर्ने।
- ❖ पूर्वाधार विकास कार्यालय ललितपुरले जिल्ला समन्वय समितिलाई भाडा तिर्नुपर्ने अवस्था भएकोले जि.स.स. ललितपुरलाई आवश्यक समन्वय गरिदिन वा कार्यालय निर्माण गर्नेतर्फ पहल गर्न आवश्यक रहेको। साथै, शहरी विकास तथा भवन कार्यालय, काठमाण्डौलाई कार्यालय भवन आवश्यक रहेकोले उचित प्रवन्ध हुनुपर्ने।
- ❖ प्रदेश सचिव प्रदेश कै कर्मचारी नियुक्त गरी प्रदेश निजामति सेवा ऐन कार्यान्वयन गर्नुपर्ने।
- ❖ पुराना सवारी साधन लिलाम गर्न आवश्यक बजेटको व्यवस्था हुनुपर्ने।
- ❖ अतिरिक्त समय खटिई कार्य गर्ने प्राविधिक तथा अन्य कर्मचारीका लागि प्रोत्साहन भत्ताको व्यवस्था आवश्यक रहेको।
- ❖ उपभोक्ता समिति गठन गर्न सम्बन्धीत स्थानीय तहको स्वार्थ बाझिने गरेकोले कार्य सम्पादन समयमा नै नहुने समस्या सहित उपभोक्ता समितिबाट उठेको कर जम्मा कहाँ गर्ने जस्ता विविध कारण रहेकोले उपभोक्ता समिति बाट कार्य गर्दा एकरुपता कायम गर्न सो सम्वन्धी निर्देशिका एवं कार्यविधि आवश्यक रहेको। साथै, प्रदेश स्तरिय सडक मापदण्ड, सडक हेरालु परिचालन निर्देशिका, सुचना व्यवस्थापन प्रणाली, सडक पूर्वाधार मर्मत योजना निर्देशिका आवश्यक रहेको।
- ❖ महत्वपूर्ण तथा ठूला आयोजना कार्यान्वियन गर्न आयोजना केन्द्रित जनशक्तिको व्यवस्था हुनुपर्ने।
- ❖ प्रदेश सरकारबाट निर्माण सामाग्री संकलन तथा प्रयोग गर्ने सम्वन्धमा स्थानीय तहसँग समन्वय गरिदिन आवश्यक रहेको।
- ❖ गैर पूर्वाधार निर्माण सम्वन्धी अन्य मन्त्रालय तथा निकायको मागको आधारमा जनशक्ति परिचालन गर्नुपर्ने अवस्था रहेकोले योजनवद्ध कार्यसम्पादन गर्न, कर्मचारी परिचालन गर्न, कामको गुणस्तर कायम गर्न (अन्य कार्यालयले गरेको कामको अन्तिममा मूल्याङकन गर्नुपर्ने बाध्यता) तथा काममा हुने दोहोरोपनाको जोखिम न्युनीकरण गर्न समेत मन्त्रालयगत कार्यविवरण अनुसार कार्यक्रम तर्जुमा तथा कार्यान्वय गर्ने व्यवस्थाका लागि मन्त्रालयमार्फत गर्न नितिगत व्यवस्था हुनुपर्ने।
- ❖ प्रदेशल सरकारले शुरु गरी अधुरो हुन गएका आयोजनाहरु सम्पन्न गर्न आवश्यक रहेको।
- ❖ सामुदायिक भवन निर्माण लगायत सरकारी संरचना निर्माण गर्न निश्चित मापदण्डमा आधारित एकिकृत ढाँचा आवश्यक देखिएको।
- ❖ शहरी विकास तथा भवन कार्यालय, काभ्रेमार्फत कार्यान्वयन हुने सिचाई कार्यालयको भवन निर्माण गर्न जग्गाको व्यवस्थापनका लागि पहल गरिदिन आवश्यक रहेको।
- ❖ मन्त्रालय तथा निर्देशनालयबाट नियमित अनुगमन गर्दा मातहत कार्यालयको कार्यसम्पादन प्रभावकारी हुने।
- ❖ सार्वजनिक खरिद प्रकिया सम्बन्धी तालिम तथा बेरुजु फछ्यौंट सम्बन्धी छलफल आवश्यक रहेको।
- ❖ समिति कार्यविधि समितिबाट बिल भर्पाई नमागी ठेक्का विलबाट भुक्तानी गर्न सकिने बनाउनुपर्ने।
- ❖ प्रादेशिक लाइन मन्त्रालय बजेट सूचना प्रणाली (PLMBS) कार्यालयले प्रयोग गर्न पाउनुपर्ने व्यवस्था हुन आवश्यक रहेको।